नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)

सिंहदरबार प्लाजा, काठमाडौं ।

इष्टर्न हाईड्रोपावर लिमिटेडको (EHPL) साधारण शेयर सूचीकरण गरिएको

## सूचना

आज मिति २०७९/०८/२७ का दिन नेपाल स्टक एक्सचेन्ज लिमिटेड र इष्टर्न हाइड्रोपावर लिमिटेड (नेप्से सिम्बोल EHPL) बीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- कायम भएको ६२,००,००० कित्ता साधारण शेयर सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष एनएमबि क्यापिटल लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक) मार्फत साधारण शेयर खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी उद्योग प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुमा वितरण गरिएको ६,२०,००० कित्ता (१०%), सर्वसाधारण लगानीकर्ता (कर्मचारी समेत) शेयरधनीहरुमा वितरण गरिएको ६,२०,००० कित्ता (१०%), र कम्पनीका संस्थापकहरुले लगानी गरेको ४९,६०,००० कित्ता (८०%) शेयर (धितोपत्र) समेत गरी जम्मा ६२,००,००० कित्ता (१००%) कित्ता साधारण शेयर वितरण भई धितोपत्र सूचिकरण विनियमावली, २०७५ बमोजिम मिति २०७९/०८/२६ गतेको निर्णयानुसार यस स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्च : मिति २०७९/०८/२७ मा नेपाल स्टक एक्सचेन्ज लिमिटेड र उक्त कम्पनी बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनवाट यस स्टक एक्सचेन्ज लिमिटेडमा उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.१० रहेको र सूचीकरण पश्चात् दिनु पर्ने RTS सेवा एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंबाट हुने छ ।

सूचीकरण शाखा

नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

फोन नं.: ०१-४२५०७५५/५६

मिति : २०७९/०८/२७